# गढीमाई नगरपालिका

# GADHIMAI MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

**समनपुर, रौतहट**

Samanpur, Rautahat

**प्रदेश नं.२ नेपाल**

Province No.2, Nepal

पत्र संख्या/Ref.No. :- ०७७/०७८ मिति/Date :–२०७७।०७।२७

चलानी नं./Dispatch No. :– १२०६

**विषय :- छठ पर्वमा स्थानीय बिदा दिइएको सम्बन्धमा ।**

**सूचना !** **सूचना !!** **सूचना !!!**

आत्मिक शुद्धता, शान्ति, सदभाव तथा सहिष्णुताको प्रतिकको रुपमा हर्षोल्लासका साथ मनाइने महान् लोक पर्व छठको शुभ अवसरमा गढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मेरो तर्फबाट आदरणीय नगरवासीहरुका साथै देश विदेशमा बस्नु हुने समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि तथा समुज्वल भविष्यका लागि हार्दिक मंगलमय शुभकामना एवं शुभेच्छा अर्पण गर्दछु ।

साथै, गढीमाई नगरपालिकाको सार्वजनिक विदा घोषणा सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ (१) बमोजिम छठ पर्वमा थप स्थानीय बिदा दिने यस कार्यालयको मिति २०७७।०७।२७ गतेको प्रमुख स्तरीय निर्णयानुसार **मिति २०७७।०८।०३ देखि मिति २०७७।०८।०४ गते** सम्म नगर कार्यपालिकाको कार्यालय, समनपुर, मातहतका वडा कार्यालयहरु एवं यस नगरपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विधालयहरुमा विदा रहने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

२०७७/७/२७

नागेन्द्र यादव

नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा :- प्रस्तुत सूचना वेबसाइटमा अपलोड र डिजिटल सूचनापाटीमा प्रकाशन गरिदिनु हुन ।



Scanned with CamScanner